# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५३) काठमाडौं, असोज ५ गते २०६० साल (अतिरिक्ताङ्क ३३


## भाग ३

### श्री ५ को सरकार

## सूचना तथा संचार मन्त्रालयको सूचना

चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) (दोस्रो संशोधन) नियमावली, २०६०

चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०५७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ को दफा १३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) (दोस्रो संशोधन) नियमावली, २०६०" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०५७ को नियम २ मा संशोधनः चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०५७ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २ को खण्ड (ठ) को सट्टा देहायका खण्ड (ठ) राखिएको छ :-

"(ठ) "सम्पर्क अधिकृत" भन्नाले यस नियमावली बमोजिम चलचित्र छाँयाङ्कन भए नभएको सम्बन्धमा रेखदेख गर्न निर्मातासँग जानको लागि मन्त्रालयबाट खटिएको निजामती कर्मचारी सम्झनु पर्छ।"

३. मूल नियमावलीको नियम ३ मा संशोधनः मूल नियमावलीको नियम ३ मा रहेका "बोर्डको सिफारिस सहित देहायका ढाँचामा मन्त्रालय समक्ष" भन्ने शब्दहरूको सट्टा "देहायका ढाँचामा" भन्ने शब्दहरू राखिएका छन्।

४. मूल नियमावलीको नियम ४ मा संशोधनः मूल नियमावलीको नियम ४ मा रहेको "मन्त्रालयले" भन्ने शब्दको सट्टा "खण्ड (क), (ख) र (ग) को हकमा मन्त्रालय र खण्ड (घ) को हकमा गाउँ विकास समिति क्षेत्रभित्र जिल्ला विकास समिति र नगरपालिका क्षेत्र भित्र नगरपालिकाले" भन्ने शब्दहरू राखिएका छन्।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. मूल नियमावलीको नियम ५क. मा संशोधनः मूल नियमावलीको नियम ५क. को उपनियम (२) झिकिएको छ ।

६. मूल नियमावलीमा नियम ५ख. थप : मूल नियमावलीको नियम ५क. पछि देहायको नियम ५ख. थपिएको छ :-

"५ख. छुट्टै इजाजतपत्र लिन नपर्ने : (१) मन्त्रालयले एकद्वार समितिबाट चलचित्र छाँयाङ्कन गर्ने सम्बन्धमा तय गरेको नीति अनुरुप कुनै चलचित्र निर्माण गर्न इजाजतपत्र दिएकोमा निर्माताले त्यस्तो चलचित्र छाँयाङ्कन गर्दा प्रचलित कानून बमोजिम कुनै निकायबाट छुट्टै इजाजतपत्र लिनु पर्ने छैन ।

(२) कुनै निकायले चलचित्र छाँयाङ्कन गर्ने सम्बन्धमा छुट्टै शर्त तोक्ने भएमा सो शर्तहरू मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ ।"

७. मूल नियमावलीको नियम ६ मा संशोधनः मूल नियमावलीको नियम ६ को उपनियम (२) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-

"तर भिडियो चलचित्र प्रदर्शन गर्ने चलचित्र घरलाई 'ग' श्रेणीमा वर्गीकरण गरिनेछ ।"

८. मूल नियमावलीको नियम १३ मा संशोधनः मूल नियमावलीको नियम १३ को सट्टा देहायको नियम १३ राखिएको छ :-

"१३. सम्पर्क अधिकृतको व्यवस्थाः (१) मन्त्रालयले आवश्यक ठानेमा कुनै निजामती कर्मचारीलाई सम्पर्क अधिकृतको रुपमा खटाउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम खटिएको सम्पर्क अधिकृतलाई सम्बन्धित निर्माताले देहायका सुविधा उपलब्ध गराउनु पर्नेछ :-

(क) खान, बस्न र सवारीको सुविधा,

(ख) हिमाली क्षेत्रमा चलचित्र छाँयाङ्कन गर्न जाँदा आवश्यक पर्ने मौसम अनुसारको लत्ता कपडा, औजार तथा औषधोपचारको व्यवस्था,

(ग) कम्तीमा तीनलाख रुपैयाँको आवधिक जीवन बीमाको व्यवस्था, र

(घ) प्रचलित नियम अनुसार पाउने दैनिक तथा भ्रमण भत्ता ।

(३) सम्पर्क अधिकृत निर्मातासँग जाँदा दुर्घटना परी अङ्गभङ्ग भएमा सो बापत लाग्ने उपचारको सम्पूर्ण खर्च र अङ्गभङ्गको प्रकृति अनुरुप दुईलाख रुपैयाँसम्म क्षतिपूर्ति निर्माताले सम्पर्क अधिकृतलाई दिनु पर्नेछ ।

(४) सम्पर्क अधिकृतले चलचित्र छाँयाङ्कनको सन्दर्भमा निर्मातासँग जादा कुनै निकाय वा संस्थासँग सहयोग माग गरेमा आवश्यक सहयोग गर्नु त्यस्तो निकाय वा संस्थाको कर्तव्य हुनेछ ।"

९. मूल नियमावलीको नियम १५ मा संशोधनः मूल नियमावलीको नियम १५ मा रहेका "सम्पर्क एजेन्सीको" भन्ने शब्दहरूको सट्टा "सम्पर्क अधिकृतको" भन्ने शब्दहरू राखिएका छन् ।

१०. मूल नियमावलीको नियम १६ मा संशोधनः मूल नियमावलीको नियम १६ को,-

(१) उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छ :-

"(२) काठमाडौं उपत्यका बाहिर चलचित्र घर निर्माण भएका प्रत्येक जिल्लामा चलचित्र जाँच गर्नको लागि देहाय बमोजिमको स्थानीय चलचित्र जाँच समिति रहनेछ :-

(क) प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको जिल्ला प्रशासन कार्यालयको अधिकृत - अध्यक्ष

(ख) सञ्चार केन्द्र भएको जिल्लामा सो केन्द्रको प्रमुख र सञ्चार केन्द्र नभएको जिल्लामा जिल्ला हुलाक कार्यालयको प्रमुख -सदस्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) चलचित्र सम्बन्धी विषयमा विशेष ज्ञान भएका व्यक्तिहरू मध्येबाट मन्त्रालयले तोकेको एकजना महिला सहित तीनजना -सदस्य"

(२) उपनियम (३) मा रहेको "क्षेत्रीय" भन्ने शब्दको सट्टा "स्थानीय" भन्ने शब्द राखिएको छ।

(३) उपनियम (४) मा रहेको "क्षेत्रीय" भन्ने शब्दको सट्टा "स्थानीय" भन्ने शब्द राखिएको छ।

११. मूल नियमावलीको नियम १७ मा संशोधन: मूल नियमावलीको नियम १७ को उपनियम (२) पछि देहायका उपनियम (३), (४), (५) र (६) थपिएका छन् :-

"(३) चलचित्र जाँच समितिले कुनै चलचित्र सोह्र वर्ष नाघिसकेका वयस्कलाई मात्र सार्वजनिक प्रदर्शन गर्न पाउने शर्त तोकि अनुमति दिएकोमा वितरक वा प्रदर्शकले त्यस्तो चलचित्रको प्रचार प्रसार गर्ने सामग्रीमा सो कुरा स्पष्ट रुपमा देखिने गरी उल्लेख गर्नु पर्नेछ।

(४) प्रदर्शकले चलचित्र प्रदर्शन गर्नु भन्दा अगाडि चलचित्र जाँच समितिवाट प्राप्त चलचित्र जाँच पास प्रमाणपत्रको छाँयाङ्कन प्रति पर्दामा देखाउनु पर्नेछ।

(५) प्रदर्शकले चलचित्र जाँच समितिवाट जाँच पास गरेको चलचित्रलाई काटछाँट गरी प्रदर्शन गर्न हुँदैन।

(६) प्रदर्शकले चलचित्र घरको सिट संख्याभन्दा बढी संख्यामा टिकट बिक्री गरी चलचित्र प्रदर्शन गराउन हुँदैन।"

१२. मूल नियमावलीको नियम १८ मा संशोधन: मूल नियमावलीको नियम १८ को प्रतिवन्धात्मक वाक्यांशमा रहेको "क्षेत्रीय" भन्ने शब्दको सट्टा "स्थानीय" र "क्षेत्रमा" भन्ने शब्दको सट्टा "जिल्लामा" भन्ने शब्द राखिएको छ।

१३. मूल नियमावलीको नियम २७क. मा संशोधन: मूल नियमावलीको नियम २७क. को सट्टा देहायको नियम २७क. राखिएको छ :-

"२७क. चलचित्र जाँच दस्तुर तथा पारिश्रमिक छुट दिन सक्ने: मन्त्रालयले कुनै विदेशी नियोगद्वारा वा अन्तर्राष्ट्रिय चलचित्र महोत्सवमा प्रदर्शन गरिने चलचित्रको सम्बन्धमा लाग्ने चलचित्र जाँच दस्तुर वा पारिश्रमिक छुट दिन सक्नेछ र त्यसरी छुट दिएकोमा चलचित्र जाँच समितिका अध्यक्ष र सदस्यले पारिश्रमिक पाउने छैनन्।"

मूल नियमावलीको अनुसूचीमा संशोधन : मूल नियमावलीको,-

(१) अनुसूची- १ को खण्ड १६ र १७ झिकिएका छन्।

(२) अनुसूची- ४ मा रहेको "चलचित्र घर निर्माण गरी चलाउने इजाजतपत्रको लागि दिइने दरखास्त" भन्ने शब्दहरू पछि देहायका शब्दहरू थपिएका छन् :-

"श्री..................जिल्ला विकास समिति/.........महानगरपालिका/उपमहानगरपालिका/ नगरपालिका

.........................।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) अनुसूची-५ को खण्ड ११ र १२ झिकिएका छन् ।

(४) अनुसूची-९ को खण्ड १८ मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-

"तर पूर्ण वातानुकूलित भएको चलचित्र घरमा पछिल्लो लहरको दर्शक बस्ने स्थानदेखि सिलिङसम्मको उचाइ छ फिट ।"

आज्ञाले,

मुकुन्द शर्मा पौड्याल

श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार



मुद्रकः मुद्रण विभाग, सिंहदरबार, काठमाडौं ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।